स्थानीय सरकार

# कालीगण्डकी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा

स्थापित २०७३

पत्र संख्याः २०८१/८२

गण्डकी प्रदेश, नेपाल

## सहकारी संस्थाका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्नेबारे सूचना।

(प्रथम पटक प्रकाशित मिति २०८१।०९।२४)

केही समयदेखि सहकारी संस्थाहरुमा आएका विविध समस्याहरुले सहकारीहरुको व्यवस्थापनमा असहज परिस्थिति सिर्जना भएको कुरा सर्वविदितै छ। सहकारी संस्थाबाट सदस्यहरुको बचत रकम नै ऋणीहरुलाई कर्जाको रुपमा प्रवाह हुने गर्दछ। ऋणी सदस्यहरुले लिएको ऋण रकमको समयमा साँवा तथा ब्याज भुक्तानी गर्नुपर्नेमा संस्थानको ऋण तिर्नु नपर्ने जस्ता भ्रामक र गैरजिम्मेवारपूर्ण अभिव्यक्तिको आधारमा ऋण चुक्ता नगरेको गुनासो आइरेहका छन्।

तसर्थ, प्रचलित सहकारी ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, विनियम तथा प्रचलित कानूनको बर्खिलाप नहुने गरी जुन सम्झौता वा सर्त बमोजिम ऋण लिएको हो, सोही बमोजिम ऋणको साँवा र ब्याज सम्बन्धित सहकारी संस्थामा समयमा नै भुक्तानी गरी समस्या समाधानमा सहयोग गरिदिनुहन सम्पूर्ण ऋणी सदस्यहरुमा अनुरोध छ। अन्यथा कानून बमोजिम ऋण असुली प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८१।९।२४

परशुराम उपाध्याय

प्रमुख प्रशासकीय अधिकृत